**प्रभु बैंक लिमिटेड, शाखा कार्यालय कपन, काठमाडौंका, तपसिलमा उल्लेखित ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत् लिलाम विक्री गर्ने बारेको ७ दिने सार्वजनिक सूचना ।**

**(सूचना प्रकाशित मिति २०८३/०१/१० गते बिहिबारको सौर्य राष्ट्रिय दैनिक)**

यस बैंक का तपसिलमा उल्लेखित ऋणीले लिनु भएको कर्जा रकम चुक्ता भुक्तान गर्ने मिति समाप्त भईसक्दा पनि बैंक सँग गर्नुभएको सम्झौता बमोजिम कर्जा चुक्ता फछ्र्यौट नगर्नु भएको र यस बैंकबाट पटक-पटक मौखिक तथा लिखित तारताकेता गर्दा समेत सो को पूर्ण बेवास्ता गरी ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ता/फछ्र्यौट गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुँदा यो सूचना प्रकाशित गरिएको छ। अतः यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र बैंकमा सम्पर्क राखी सम्झौता बमोजिम बैंकलाई तिर्न बुझाउन बाँकी सम्पूर्ण रकम चुक्ता फछ्र्यौट गर्न गराउनु हुन ऋणी, जमानतकर्ता तथा धितो सुरक्षण धनी लगायत सम्बद्ध सबैमा सूचित गरिन्छ । यस सूचनाको समेत बेवास्ता गरी उल्लेखित समयावधि भित्र कर्जा चुक्ता फछ्र्यौट नगरेको खण्डमा ऋणी तथा जमानतकर्ता लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई अन्य कुनै पनि सूचना नदिई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्न सिफारिस गरीने व्यहोरा जानकारी गराउँदै कर्जाको सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी प्रस्तुत सूचनाको म्याद भित्र प्राप्त हुन आएका गोप्य शिलवन्दी वोलपत्रको माध्यमबाट लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्ति के कति मुल्यमा खरिद गरी लिने हो सो खुलाई यो सूचना प्रकाशित भएको मितिले ३६ औं दिन देखि ४२ औं दिन भित्र गोप्य शिलबन्दी बोलपत्र बैंकको **शाखा कार्यालय कपन, काठमाण्डौंमा** दाखिल गर्नु हुन ईच्छुक व्यक्ति तथा संगठित संस्था सबैको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ । प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ४३ औं दिन अर्थात मिति २०८३/०२/२१ गते शुक्रबार (सो दिन सार्वजनिक बिदा परेमा सोको लगत्तै बैंक खुलेको दिन) बैंकको **शाखा कार्यालय कपन, काठमाण्डौंमा** दिनको ठीक १:०० बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षण धनी, इच्छुक बोलपत्र दाता तथा सम्बद्ध सबैमा अनुरोध छ । प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाइ स्वीकार वा अस्वीकार गर्न सक्ने व्यहोरा समेत जानकारी गराईन्छ । कुनै कारणवश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा प्रचलित कानून बमोजिम बैंकले सकार गरी लिन सक्ने व्यहोरा र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता असुलउपर नभएमा प्रचलित कानून बमोजिम असुलउपर गरी लिईने व्यहोरा समेत जानकारी गराईन्छ ।

**तपसिल**

**क. ऋणी तथा जमानतकर्ताको विवरण :**

**१. ऋणी :** बुढानिलकण्ठ नगरपालिका वडा नं. १३, चुनिखेल, काठमाण्डौमा स्थानिय सरकार संचालन ऐन, २०७४, बमोजिम मिति २०८०/०९/०८ गते दर्ता नं. ६३ मा दर्ता भई नेपाल सरकार, अर्थ मन्त्रालय आन्तरिक राजस्व विभाग, आन्तरिक राजश्व कार्यालय, चावहिलबाट मिति २०८०/०९/२२ मा स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. १२५००३९६८ को प्रमाणपत्र प्राप्त **सुबेदी भांडा पसल** ।

**फर्मको ठेगाना :** काठमाण्डौ जिल्ला बृढानिलकण्ठ नगरपालिका वडा नं. १३, सापाटार ।

**प्रोप्राइटर : निलकमल सुबेदी** (ना.प्र.नं. २६४७२-मोरङ्ग, जारी मिति २०५३/०१/०१, प्रतिलिपि जारी मिति २०७९/११/१०, जारी गर्ने कार्यालय जि.प्र.का. काठमाण्डौ) । **ठेगाना :** काठमाण्डौ जिल्ला, बुढानिलकण्ठ न.पा. वडा नं. १३ ।
**बाबु :** लक्ष्मी प्रसाद सुवेदी ।
**बाजे :** इन्द्र प्रसाद सुवेदी ।

**जमानतकर्ता : सुष्मा रेग्मी** (ना.प्र.नं. ३४९७, जारी मिति २०५५/०६/२६, जारी गर्ने कार्यालय जि.प्र.का. काठमाण्डौ) । **ठेगाना :** काठमाण्डौ जिल्ला बुढानिलकण्ठ न.पा. वडा नं. १३ (साविक चुनिखेल गा.वि.स. वडा नं. ६ ),
**बाबु :** शम्भु प्रसाद रेग्मी । **पति :** निलकमल सुबेदी ।
**ससुरा :** लक्ष्मी प्रसाद सुवेदी ।

**लिलाम विक्री हुने सम्पत्तिको विवरण :**

१. सुष्मा रेग्मीको नाममा मालपोत कार्यलय, चावहिल, काठमाण्डौंमा दर्ता श्रेष्ता कायम रहेको काठमाण्डौं जिल्ला चुनिखेल गा.वि.स. वडा नं. ६, नक्सा सिट नं. ६क, स्थित कित्ता नं. ७३२ क्षेत्रफल ३२५.९१ (वर्ग मि.) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत.......१
२. **ऋणी फर्म**को स्वमित्वमा रहेको चालु सम्पत्तिहरु उपर हाइपोथिकेसन सुरक्षण..........१

**पुनश्च :**

१. बोलपत्र सम्बन्धी शर्त बन्देज सहितको बोलपत्र फारम बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग र **शाखा कार्यालय कपन, काठमाण्डौंबाट** समेत प्राप्त गर्न सकिनेछ ।
२. सम्पत्ति दाखेलखारेज नामसारी गर्दा नेपाल सरकारले तोके बमोजिम लाग्ने राजश्व लगायत सम्पूर्ण दैदस्तुर सकारकर्ता स्वयंले तिर्नुपर्नेछ ।
३. लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नु परेमा वा धितो लिलाम सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग वा **शाखा कार्यालय कपन, काठमाण्डौंमा** सम्पर्क राख्न सकिनेछ ।

PRABHU BANK

**प्रभु बैंक लिमिटेड**
**प्रधान कार्यालय, बबरमहल, काठमाडौं, नेपाल**
**फोन नं. : ०१-५७१९०००**

Size: 3x23